कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

(कृषि विकास शाखा) लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

5MRQ+7C6 Kohalpur

प.सं.:२०८२/०८३

च.नं.:

तरकारी खेति उत्पादन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८२/०८/१२

यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाको आ.व.२०८२/०८३ मा संघीय सशर्त अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम व्यवसायिक तरकारी खेति कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र यहि मिति २०८२/०९/३ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन) कोहलपुर नगरपालिका नगर कृषि विकास शाखामा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ बमोजिम कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाबाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा शाखा प्रमुखको मोबाईल नम्बर ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल :

क.सं.	सञ्चालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सीमा	न्युनतम मापदण्ड
१	• तरकारीको उन्नत बीउ, कृषि औजार एवं उपकरण, साना सिँचाई निर्माण तथा मर्मत संभार, सिलपाउलीन प्लाष्टिक र क्षमता अभिबृद्धि तालिमको सहयोग हुनेछ । • अनुदान प्रति हेक्टर (३०कट्ठा) जमीनको लागि रु.५०,०००/-(पचास हजार) हुनेछ। • क्षमता विकास तालिम वाहेकमा ५० प्रतिशत लागत साझेदारी/अनुदान हुने ।	• कृषक/कृषक समुह/फार्म/कृषि सहकारी मार्फत कार्यक्रम संचालन हुनेछ । • प्रस्तावकले कम्तीमा १० कट्ठा देखी १ हेक्टर जमीन अर्थात डेढ विगाह (३० कट्ठा)सम्ममा तरकारी खेती गर्नुपर्ने छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन, अनुसूची-२ बमोजिमको ढाँचामा ।
२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/ सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८२/२०८३ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
६. जग्गाको लालपुर्जाको प्रतिलिपि ।
७. समुह वा सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिप ।

.....

(मान बहादुर गिरी)

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत